# बीउआलु आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि २०६८, पहिलो संशोधन २०७०

## 1. पृष्ठभूमि

नेपालमा आलुवाली खाद्य सुरक्षाको हिसाबले निकै महत्वपुर्ण वालीको रुपमा रहेको छ । उच्च तथा दुर्गम क्षेत्रमा आलुलाई खाद्यवालीकै रुपमा लिइने गरिन्छ भने मध्यपहाड तथा तराईका जिल्लाहरुमा तरकारीको रुपमा प्रयोग गर्ने गरिन्छ । नेपालमा आलुवाली क्षेत्रफलको हिसाबमा पाचौं स्थानमा (१८५३४२ हे.), उत्पादनको हिसाबले चौथो स्थानमा (२५१७६९६ मेटन) तथा उत्पादकत्वको हिसाबले प्रथम स्थानमा (१३.५८ मेटन/हे.) रहेको छ। हाल प्रति व्यक्ति आलुको खपत ६५ के जी प्रति वर्ष रहेको छ । साथै आलुवालीको बीउ प्रयोगदर अनौपचारिक तरिकाबाट १८देखी २० प्रतिशत (क्षेत्रफलको आधारमा) रहेको छ। हालैका वर्षहरुमा आलु व्यवसायिकरण भएको तथा आम्दानीका दृष्टिकोणबाट उपयुक्त व्यवसायको रुपमा कृषकबाट लिएको पाइन्छ ।

हाल राष्ट्रिय आलु वाली विकास कार्यक्रमले वीउ आलु उत्पादन, समुह सुदृढिकरण, प्रविधि तथा श्रोत वीउ आलु वितरणमा समन्वयको कार्य गर्ने गरेको छ । खुमलटार स्थित नार्क (राष्ट्रिय आलु वाली अनुसन्धान कार्यक्रम) को टिस्युकल्चर प्रयोगशालाबाट भाइरसमुक्त पूर्वमुल बीउ - PBS) उत्पादन भई बिक्री वितरण हुने गर्दछ । वार्षिक उत्पादन लक्ष्य (खुद उत्पादन करीब ७२००० दाना) को अनुपातमा माग ४लाख दाना भन्दा बढी हुने गरेको, पीबीएसबाट बीउ उत्पादन प्रतिफल दर न्यून भएको, बीउ प्रमाणिकरणको अभावमा बीउको श्रोत तथा स्तर यकिन हुन नसकेको स्थिति छ । यसबाट एकातिर कृषकहरुले गुणस्तरिय बीउ समयमा प्राप्त गर्न नसक्ने एवं अर्कोतिर आलुको सिजनमा गुणस्तर यकिन नभएको बीउ संग बीउ उत्पादकले उत्पादन गरेको गुणस्तरयुक्त बीउले प्रतिस्पर्धा गर्न नसक्ने स्थिति छ ।नेपालमा विगतमा दुई सिजन आलु लगाउने अवस्था रहेकोमा हाल चार सिजनसम्म आलु उत्पादन हुने गरेको, खायन आलुमा करीब करीब आत्मनिर्भर रहेको, तर निजि क्षेत्रमा स्थापित भएका आलुमा आधारित प्रशोधन उद्योगले आवश्यक पर्ने कच्चा पदार्थ भारतबाट आयात गर्ने स्थिति रहेको छ ।

## 2. उद्देश्य

बीउआलु आत्मनिर्भर कार्यक्रम संचालन गरि हाल कृषकहरुले प्रयोग गरिरहेको निम्न गुणस्तरको बीउलाई क्रमशः गुणस्तरीय बीउआलुले प्रतिस्थापनबाट आलुको उत्पादन र उत्पादकत्व बृद्धि गरि खाद्यसुरक्षामा टेवा पुर्‍याउने ।

## 3. औचित्य

प्रस्तुत आयोजना वीउ आलु उत्पादन गरी गुणस्तरिय बीउ आलु उपलब्धतामा सुधार गर्ने, बीउ आलुमा प्रमाणिकरण पद्धति लागु गर्ने, कृषक समुह तथा निजी क्षेत्रको सुदृढिकरणबाट बीउ आलु उत्पादन व्यवस्थापन गर्ने तथा प्रशोधन जन्य उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ (ताजा आलु) को उत्पादन नेपाल भित्रै गर्ने उद्धेश्यले आयोजना प्रस्ताव गरिएको छ । यस कार्यक्रमबाट आगामी ५ वर्ष भित्र कार्यकम लागु भएका ३३ जिल्ला बीउ आलुमा आत्मनिर्भर बनाईनुका साथै हालको प्रशोधन जन्य आलुको शतप्रतिशत आयात ( १५००मे.टन) लाई पुर्ण प्रतिस्थापन गरिनेछ ।

## 4. आयोजना क्षेत्र

यस कार्यक्रम हिउदे तथा बसन्ते आलुखेती गरिने जिल्लाहरु र गर्मियाम तथा बर्षे आलुखेती गरिने निम्न लिखित जम्मा ३३ जिल्लाहरुमा संचालन गरिने छ । आगामी आ.व. देखी क्रमशः अन्य जिल्लाहरुमा विस्तार गर्दै लगिनेछ ।

**कार्यक्रम संचालन गरिने जिल्लाहरु**

| विकास क्षेत्र | उच्च पहाड | मध्य पहाड | तराई |
|---|---|---|---|
| पूर्वान्चल | सोलु, ताप्लेजुङ्ग | पाचथर, ईलाम | झापा, मोरङ, |
| मध्यमाञ्चल | दोलखा, सि.पा. | रामेछाप, नुवाकोट, काभ्रे, मकवानपुर | बारा, चितवन, सर्लाही |
| पश्चिमाञ्चल | मनाङ | गोरखा, म्याग्दी, कास्की, गुल्मी | रुपन्देही, नवलपरासी |
| मध्यपश्चिमाञ्चल | कालीकोट | सुर्खेत , प्युठान, रोल्पा, | बाके, बर्दिया |
| सुदुर पश्चिमाञ्चल | दार्चुला | डोटी, डडेल्धुरा, | कैलाली, कन्चनपुर |

### ५. क्षेत्र छनौटका आधारहरु

यो परियोजनाले संस्थागत रुपमा बीउआलु उत्पादन गर्ने बीउआलु उत्पादक संस्था/समुहलाई सुदृढिकरण गरि गुणस्तरीय बीउआलु उत्पादन गरि प्रमाणिकरण व्यवस्था स्थापना गर्ने भएकोले विगत २/३ दशक देखि स्थापना भएका समुह/संस्था भएका तथा भौगोलिक हिसाबले खाद्यसुरक्षामा टेवा दिन सकिने हिसाबले जिल्लाहरुलाई प्राथमिकता दिई क्षेत्र छनौट गरिएको छ। यस अतिरिक्त जिल्ला कृषि विकास कार्यालय मार्फत स्थापना भएका बीउआलु उत्पादन तर्फ उन्मुख भएका समुहासंस्थाहरु रहेका जिल्ला पनि छनौट गरिएको छ।

## ६. संचालन हुने मुख्य कार्यक्रमहरु तथा जिम्मेवारी

संशोधन : बुंदा नं. १२ पछि एउटा कार्यक्रम थप गरि जम्मा १३ वटा कार्यक्रम हुने

| क्र.सं. | कार्यक्रम | संचालन कार्य-विधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | कार्यक्रम तयारी व्यवस्था | १.१. बीउआलु उत्पादन क्षेत्रीय गोष्ठि : तीनवटा क्षेत्रमा ६/६वटा जिल्लाका सरोकारवाला सहभागीहरुको गोष्ठि संचालन गरिने छ, जसमा बीउआलु उत्पादन तथा प्रमाणिकरणको कार्यक्रम संचालनमा हरेक निकायको जिम्मेवारीको बांडफांड हुनुको साथै कार्यतालिका निर्माण हुनेछ।<br>१.२. बीउआलु निरिक्षकका लागि पाठ्यक्रम विकास गोष्ठि : बीउआलु उत्पादन, प्रमाणिकरण, अनुसन्धान तथा विकासका संवन्धित विज्ञहरुको संलग्नतामा ३ दिने गोष्ठि संचालन गरि बीउआलु निरिक्षकको तालिमको लागि आवस्यक पर्ने पाठ्यक्रमको विकास गरिने छ। | रा.आ.बा.वि.का. |
| २ | कृषक समुह छनौट | २.१ कृषक समूह छनौट गर्दा विगतमा राष्ट्रिय आलुवाली विकास कार्यक्रमले गठन गरि जि.कृ.वि.का.ले संचालन गर्दै आएका तथा पछि जि.कृ.वि.का.हरुले गठन एवं परिचालन गरेका सक्रिय समूह छनौट गरिनेछ। बीउआलु उत्पादन कार्यलाई व्यवसायकोरुपमा अंगालेका समुह नै यो कार्यक्रममा सामेल हुने छन्। तसर्थ १६ जिल्लाका जम्मा ३२ वटा समुह पहिलो बर्ष कार्यक्रममा सहभागी हुनेछन्। वीगतमा समुह नभएका तर व्यवसायिक बीउ आलु उत्पादनमा संलग्न वा सम्भाव्य पकेटमा मात्र नयाँ समुह निर्माण गरी कार्यसन्चालन गरिनेछ।<br>२.२ घुम्ति तालिम : पुराना व्यवसायीक रुपमा बीउआलु उत्पादन गर्न तर्फ उन्मुख भएका समुह तथा नया बीउ उत्पादक समुहमा यस्ता तालिम सन्चालन गरिनेछ। | जि.कृ.वि.का.,<br>कृषि सेवा केन्द्र |
| ३ | कृषक समुह सुदृढिकरण | समुह सुदृढिकरण कार्यक्रमअन्तर्गत मुलत देहाएका क्रियाकलाप हुनेछन्।<br>३.१ हिउंदे तथा बसन्ते आलुखेती गरिने ९ जिल्लामा समुह सुदृढीकरणको लागि घुम्ति तालिमद्धारा समुह परिचालन तथा स्थलगतरुपमा बीउआलु उत्पादन र गुणस्तर नियन्त्रण संवन्धि विभिन्न चरणमा प्रविधिसम्वन्धि प्रशिक्षण गरिने छ। जिल्लास्तरको समुह सुदृढिकरण अन्तर्गत समेत समुह/संस्थागत क्षमता अभिवृद्धि तालीम संचालन हुनेछ।<br>३.२ बीउ उत्पादन प्रदर्शन : बीउआलुको (विभिन्न पुस्ताको) को उत्पादन प्रदर्शन संचालन गरिने छ। यसरी जम्मा ३२ वटा गुणस्तरीय उ.प्र. कार्यक्रम गरिने छ। | जि.कृ.वि.का.,<br>कृषि सेवा केन्द्र |
| ४ | निजी क्षेत्रसंग साझेदारीमा पि.बि.एस.उत्पादन कार्यक्रम | ४.१. निजी क्षेत्रमा पीबीएस उत्पादन कार्यक्रममा अनुदान : निजी क्षेत्रमा पि.वि.एस. रिसाईक्लिंग गरि पि.वि.एस. उत्पादन गर्न निजी क्षेत्रमा जालीघर निर्माण गर्न अनुदान प्रदान गरिने छ। जसबाट पहिलो बर्षमा ५०,००० दाना थप पि.वि.एस. उत्पादन हुनेछ, आगामी बर्षहरुमा निरन्तर रुपमा उत्पादन भईरहने छ। | रा.आ.बा.वि.का.<br>व.आ.वा.वि.अ.<br>आ.वा.वि.अ. |

| क.सं. | कार्यक्रम | संचालन कार्य-विधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | | ४.२. निजी क्षेत्रमा पीबीएस उत्पादनका लागि पूर्वाधार निर्माणमा अनुदान : पि.वि.एस. उत्पादनमा निजी क्षेत्रलाई सहभागी गराउनको लागि टिस्युकल्चर प्रयोगशाला सुधार/जालीघर गर्न पुर्वाधार निर्माणमा अनुदान प्रदान गरि यसबाट थप १००,००० पि.वि.एस. उत्पादन हुनेछ । | |
| ५ | जनशक्ति विकास तथा तालिम कार्यक्रम | ५.१. बीउ आलु निरिक्षक तालीम : बीउआलु प्रमाणिकरण गरि गुणस्तर नियन्त्रण गर्नको लागि जिल्ला तथा फार्ममा कार्यरत बागवानी विकास अधिकृतहरुलाई तथा निजी क्षेत्रका योग्य व्यक्तिहरुलाई बीउआलु निरिक्षक तालिम प्रदान गरि २५ जना निरिक्षक तयार गरिने छ । यो तालिम १० दिनको हुनेछ ।<br><br>४.२. प्रा.स.। ना.प्रा.स. तालीम : जि.कृ.वि.का., कृषि सेवाकेन्द्र तथा बागवानी फार्मकेन्द्र तर्फका प्रा.स.। ना.प्रा.स. हरुलाई बीउआलु उत्पादन तथा गुणस्तर नियन्त्रण विषयक १ हप्ते तालिम २ पटक संचालन गरिने छ । यसबाट ५० जना प्रा.स.।ना.प्रा.स.हरुले तालिम प्राप्त गर्नेछन ।<br><br>४.३. विउ आलु उत्पादक कृषक तालीम : १६ जिल्लाका जम्मा ३२ बटा बीउआलु उत्पादक समुहहरुका जम्मा ५० जना कृषकहरुलाई दुई पटक गरि बीउआलु उत्पादन, गुणस्तर नियन्त्रण विषयक १ हप्ते तालिम संचालन गरिने छ ।<br><br>४.४. बीउआलु उत्पादक कृषक भ्रमण : बीउआलु उत्पादन गर्ने कृषकहरु विच प्रविधि र गतिविध आदान प्रदान गर्न र अवलोकन गर्नको लागि हरेक समुहका १।१ जना समुह अगुवा कृषकहरुलाई सम्मिलित गराई एउटा कृषक भ्रमण गरिने छ । | बीउबीजन गुणस्तर नियान्त्रण केन्द्र, रा.आ.वा.वि.का र रा.आ.अ.का. (नार्क) |
| ६ | प्रविधि प्रकाशन तथा वितरण | ६.१. बीउ प्रमाणिकरण प्राविधिक मापदण्ड प्रकाशन : रा.आ.वा.वि.का., रा.आ.वा.अ.का. ले तयार गरी बीउबीजन गुणस्तर नियन्त्रण केन्द्र मार्फत राष्ट्रिय बीउबीजन समितीले स्वीकृत गरेको बीउआलु प्रमाणिकरण मापदण्ड ५०० थान प्रकाशन गरि समुह, जि.कृ.वि.का. तथा सरोकारवाला सवैलाई उपलब्ध गराईने छ ।<br><br>६.२. बीउ आलु निरिक्षकको पाठयक्रम तालीम प्रकाशन : गोष्ठिद्धारा तयार गरिएको बीउआलु निरिक्षकको पाठ्क्रम ५०० थान प्रकाशन गरि संवन्धित सवैलाइ उपलब्ध गराइने छ, । यसैमा आधारित भई बीउआलु निरिक्षकको तालिम संचालन हुनेछ ।<br><br>६.३. रष्टिकस्टोर भण्डार निर्माण प्रविधि पुस्तिका प्रकाशन : प्राविधिकरुपले उपयुक्त हुने पहाडी क्षेत्रहरुमा बीउआलु भण्डारण गर्नको लागि रष्टिक स्टोर गर्ने प्रविधियुक्त पुस्तिका ३०० थान तयार गरि वितरण गरिने छ । | रा.आ.वा.वि.का. |
| ७ | आलुबालीमा बाली संरक्षण तथा प्रविधि बारे सूचनामूलक प्रचार प्रसार । | ७.१ स्वस्थ बीउआलु उत्पादन गर्नको लागि बाली संरक्षण तथा विभिन्न प्रविधिहरु आवस्यकता अनुसार रेडियो/एफ.एम.बाट सूचनामुलक प्रशारण गरिने छ । | आ. वि. अ. |
| ८ | उद्योगमा आधारित आलुवाली विकास कार्यक्रम | ८.१. उद्यमी तथा आलु उत्पादक बीच गोष्ठि : आलु प्रशोधनमा संलग्न उद्यमी तथा आलु उत्पादन गर्ने कृषकहरु संलग्न गराई एउटा गोष्ठिको आयोजना गरिने छ । जसमा उद्योगको लागि आवस्यक गुण भएका जातहरु र तिनीहरुको विस्तार, कृषकसमुह मार्फत करारमा आलुउत्पादन तथा बजारीकरणबारे मुख्यरुपमा छलफल तथा कार्ययोजना निर्माण हुनेछ ।<br><br>८.२. उद्यमी तालिम : आलु प्रशोधन विषयक एउटा तालिमको आयोजना गरिने छ, जसमा विभिन्न जिल्लाका २५ जना उद्यमी सहभागि हुनेछन् । यसमा खाद्य प्रयोगशाला तथा सम्वन्धित विज्ञहरुबाट प्रशिक्षण प्रदान गरिनेछ | प्रमुख<br><br>व./आ.वि.अ. |

| क.सं. | कार्यक्रम | संचालन कार्य-विधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | | ।<br>८.३. उद्योगमा आधारित आलुका जातहरुको प्रदर्शन : औद्योगिक जातहरुको विस्तारको लागि यी जातहरुको १० वटा प्रदर्शन संचालन गरिनेछ । | |
| ९ | बीउआलु बजार सन्जाल विकास | ९.१ बीउआलुको बजार व्यवस्थापनको लागि कृषक, व्यापारी, समन्वयकर्ताहरुलाई सहभागि गराई ५ वटा गोष्ठि संचालन गरि बजार सन्जालको विकास गरिने छ । यसबाट उत्पादित बीउ आलुको संचय तथा बजार व्यवस्थापनमा सहजीकरण हुनेछ । | रा.आ.वा.वि.का.,<br>जि कृ.वि.का. |
| १० | बीउ प्रमाणिकरण परामर्श सेवा | १०.१ बीउ प्रमाणिकरण कार्यको लागि एक जना अनुभवी तथा दक्ष प्राविधिकबाट वीउ आलु उत्पादन, व्यवस्थापन, प्रमाणिकरण तथा बजार व्यवस्थासम्वन्धि ४ महिनाको सेवा प्राप्त गरीनेछ । | रा.आ.वा.वि.का. |
| ११ | रष्टिक स्टोर निर्माण | ११.१ कार्यक्रम संचालन गरिने ७ वटा पहाडी जिल्लाहरुमा ५ टन र १० टन क्षमताका रष्टिक स्टोर निर्माण गर्न अनुदान प्रदान गरिनेछ । निर्माण कार्य जि.कृ.वि.का.हरुले समुह/संस्था मार्फत गर्नेछन् । | जि.कृ.वि.का.,<br>कृषि सेवा केन्द |
| १२ | बीउआलु उत्पादन तथा प्रमाणिकरण अनुगमन निरिक्षण | ११.१ कार्यक्रमको प्रभावकारीताको लागि केन्द्र, क्षेत्र, तथा जिल्लाबाट सामयिक अनुगमन निरिक्षण गरिनेछ । | रा.आ.वा.वि.का.,<br>क्षे. कृ. नि., सम्वन्धित वागवानी फार्म, जि.कृ.वि.का. |
| १३ | रष्टिक स्टोर पुनर्निमाण | रष्टिक स्टोर पुननिर्माण गर्न अनुदान प्रदान गरिनेछ । पुननिर्माण कार्य जि.कृ.वि.का.हरुले समुह/संस्था मार्फत गर्नेछन् । | जि.कृ.वि.का.,<br>कृषि सेवा केन्द |

## ७. आयोजना संचालनमा सम्बन्धित निकायहरुको भूमिका एवं जिम्मेवारी

| क. सं. | निकायहरु | मुख्य भूमिका | जिम्मेवारी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| १ | कृषि विभाग, तरकारी विकास निर्देशनालय तथा राष्ट्रिय आलुवाली विकास कार्यक्रम | ऋनुगमन तथा कार्य-निर्देश, प्राविधिक सर-सल्लाह तथा अनुगमन । | कार्यक्रम तर्जुमा तथा अनुगमन । | महानिर्देशक / उप-महानिर्देशक, कार्यक्रम निर्देशक/प्रमुख राष्टिय कार्यक्रम |
| २ | नेपाल कृषि अनुसन्धान परिषद्, राष्टिय आलुबाली अनुसन्धान कार्यक्रम | श्रोत बीउ उपलब्ध गराउने, आलु खेती सम्बन्धि प्रविधि विकास गर्ने, तालिममा प्रशिक्षक उपलब्ध गराउने । | आलुखेती पकेट क्षेत्रहरुको प्राविधिक अनुगमन, तालिम प्रदान गर्ने । | रा.आ.बा.अ. प्रमुख<br>रा.आ.वा.अ.का. संयोजक |
| ३ | बीउबीजन उत्पादन तथा गुणस्तर नियन्त्रण केन्द्र | बीउआलु प्रमाणिकरण निर्देशिका पास गर्ने, न्युनतम आधार बोर्डबाट अनुमोदन गराउने, निरिक्षकको तालिम कार्यमा सहयोग गर्ने । | गुणस्तर आधार अनुमोदन गराई निरिक्षक तयार गर्न सहयोग पुर्‍याउने । | सदस्य सचिव, नेपाल बीउविजन गुणस्तर नियन्त्रण केन्द्र |
| ४ | जिल्ला कृषि विकास कार्यालय | बीउआलु उत्पादक कृषक समुहको बीउआलु उत्पादन कार्यमा प्राविधिक, व्यवस्थापकिय टेवा पुर्‍याउने तथा स्थलगत कार्यक्रम कार्यान्वयन । | बीउआलु उत्पादन प्रविधि तथा समुहमा गुणस्तर नियन्त्रणमा सहयोग पुर्‍याउने । | प्रमुख, जि.कृ.वि.का. |
| ५ | सरकारी वागवानी | श्रोतबीउ तथा प्राविधिक | नतिजा प्रदर्शनको लागि श्रोतबीउ | फार्म प्रमुख |

| क. सं. | निकायहरु | मुख्य भूमिका | जिम्मेवारी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| | फार्म/केन्द्र | सरसल्लाह दिने । | उपलब्ध गराई प्राविधिक सेवा पुऱ्याउने । | |
| ६ | क्षेत्रीय कृषि निर्देशनालय | बीउ आलु आत्मनिर्भर कार्यक्रमको अनुगमन, निरीक्षण गर्ने । | जिल्लाहरुलाई बीउआलु उत्पादन पकेट क्षेत्रहरुको विवरण राख्न लगाउने । | क्षेत्रीय निर्देशक |
| ७ | निजी क्षेत्र | पी.बी.एस. उत्पादन तथा श्रोत बीउ उत्पादन | सम्झौता बमोजिम श्रोत बीउ उत्पादन, गुणस्तर परिक्षण तथा उत्पादित बीउ सरकारी निकायलाई उपलब | सरोकारवाला |

## ४. कार्यक्रम कार्यान्वयन व्यवस्था

- कार्यक्रमहरु व्यवसायिक पकेट तथा कृषक समूहमा समूहगत प्रणाली (Group Approach) अनुसार संचालन हुनेछन् ।
- कार्यक्रम संचालन गरिने समुह तथा पकेट क्षेत्र विगतमा वीउआलु उत्पादन कार्यक्रम संचालन भएको समुह तथा संस्थाहरुको आधारमा गरिनेछ भने सम्भाव्यता तथा जिल्लाको मागको आधारमा मात्र नया समुह मार्फत कार्य सन्चालन गरिनेछ ।
- कार्यक्रम संचालन गरिने प्रत्येक जिल्लाका वागवानी विकास अधिकृत तथा फिल्डका प्रा.स.।ना.प्रा.स.हरु तथा कृषकहरुलाई समेत वीउ उत्पादन सम्वन्धि तालीम प्रदान गरिनेछ ।
- बीउआलु आत्मनिर्भर कार्यक्रम कार्यान्वयनका लागि केन्द्रिय स्तरमा तरकारी विकास निर्देशनालयका कार्यक्रम निर्देशकको संयोजकत्वमा कार्यक्रम कार्यान्वयन समिति गठनगरी कार्यक्रम संचालनमा समन्वय तथा अन्तर निकाय बीचको समझदारी र सहयोग जुटाईने छ । यस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । उक्त समितिको गठन यस प्रकार हुनेछ ।
  - कार्यक्रम निर्देशक, तरकारी विकास निर्देशनालय — संयोजक
  - प्रमुख, बीउबीजन गुणस्तर नियन्त्रण केन्द्र — सदस्य
  - संयोजक, राष्टिय आलवाली अनुसन्धान कार्यक्रम, नार्क — सदस्य
  - प्रतिनिधि कृषि विभाग योजना तथा जनशत्ति — सदस्य
  - आवश्याकताअनुसार सम्वन्धित क्षेत्रवाट आमन्त्रण गर्न सकिने (दुई जना) — सदस्य
  - प्रमुख, राष्टिय आलुवाली विकास कार्यक्रम — सदस्य-सचिव

  जिल्ला स्तरमा वरिष्ठ कृषि विकास अधिकृतको संयोजकतत्वमा जि.कृ.वि.का.का. विषयविशेषज्ञहरु, जिल्लास्थित फार्म।केन्द्रका प्रमुख सम्मिलित टिमले कार्यक्रम संचालनमा सहयोग गर्नेछ जसमा वागवानी विकास अधिकृतले सदस्यसचिवको कार्य गर्नेछन् । समितिको वैठक पुर्व योजना तयारी,खडावाली अवस्था तथा वाली भित्राएपछि गरि ३ पटक वस्ने छ ।
- यो कार्यक्रम खाद्यसुरक्षामा टेवा पुरयाउने अभिप्रायले केन्द्र स्तरबाट प्राथमिकता तोकीएको हुदा सम्वन्धित जिल्लाहरुसंग समन्वय गरी कार्यक्रम संचालन हुनेछ ।
- श्रोतबीउ आलु उत्पादन (पूर्वमूलबीउआलु समेत) र उत्पादित बीउ आलको प्रमाणिकरण तथा लेवलिंग कार्य राष्टिय वीउवीजन समितिबाट स्विकृत स्तर र मापदण्डको आधारमा हुनेछ । मापदण्ड स्विकृति पश्चात सम्झौता बमोजिम प्रजनन बीउ निजीक्षेत्रबाट तथा मूलबीउ र प्रमाणित बीउ नियमावलीले तोकिएबमोजिम सम्वन्धित समुह, फार्म, कम्पनी तथा निजी फर्मले गर्नेछन् ।
- बीउवीजन समितिबाट मापदण्ड स्विकृत भए पश्चात फिल्ड स्तरमा बीउ आलु उत्पादन सम्वन्धि प्राविधिक मार्गदर्शन राष्ट्रिय आलुवाली विकास कार्यक्रमले तयार गर्नेछ र सोही बमोजिम कार्यान्वयन हुनेछ ।

- कार्यक्रम अनुगमन निरिक्षण कार्य जिल्ला कृषि विकास कार्यालय, क्षेत्रीय कृषि निर्देशनालय, सम्बन्धित क्षेत्रका फार्म/केन्द्रबाट र राष्ट्रिय आलुवाली विकास कार्यक्रमबाट हुनेछ ।

## ९. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

- जिल्ला कृषि विकास कार्यालयहरु, फार्म/केन्द्रहरु र राष्टिय आलुवाली विकास कार्यक्रमले आफूसंग सम्बन्धित कार्यक्रम संचालन क्षेत्रहरुमा आवश्यकता अनुसार अनुगमन निरीक्षण कार्यगरी कार्यक्रमको अवस्था बारे प्रतिवेदन पेश गर्ने छन् ।
- क्षेत्रीय कृषि निर्देशनालयहरुले आफूसंग सम्बन्धित कार्यक्रम संचालन हुने जिल्लाहरुको अनुगमन निरीक्षण गर्ने छन् ।
- केन्द्र देखि सेवा केन्द्र सम्मका सम्बन्धित निकायहरुबाट आवश्यकता अनुसार संयुक्त अनुगमन निरीक्षण गरिने व्यवस्था मिलाईने छ ।

## ११. रिपोर्टिङ्ग व्यवस्था

संचालित कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा जिल्ला कृषि विकास कार्यालयहरुले क्षेत्रीय कृषि निर्देशनालय र रा.आ.वा.वि.का.लाई पठाउने छन् । यसरी प्राप्त प्रगति प्रतिवेदनहरुलाई तरकारी विकास निर्देशनालयले एकमुष्ट कम्पाइलगरि विश्लेषणात्मक प्रतिक्रिया सहित कृषि विभागमा पठाउने छ ।

## १२. जोखिम तथा अनिश्चितता

### रष्टिक स्टोर निर्माण

### क) प्राविधिक पक्ष

मधुरो प्रकाश तथा हावाको संचारको समुचित प्रबन्ध गरि बीउआलु भण्डारण गर्नका लागि समुद्री सतहबाट करिव २००० मीटर भन्दा बढी उचाई रहेका पहाडी क्षेत्रमा बनाईने आलु भण्डार घरलाई रष्टिक स्टोर भनिन्छ । तर उत्तर तर्फ मोहडा भएका राम्ररी हावा चल्ने स्थानहरुमा समुद्री सतहबाट १५०० मीटर उचाईं भएका स्थानहरुमा पनि यस्तो भण्डार घर बनाई राम्ररी बीउआलु भण्डारण गर्न सकिन्छ । माथी उल्लेखित उपयुक्त पहाडी क्षेत्रहरुमा रष्टिक स्टोर निर्माण कार्यक्रम संचालन गरिने छ ।

### उद्धेश्य

बीउआलु उत्पादन गरिने स्थानहरुमा बीउआलु सुरक्षित भण्डारण गर्ने ।

### कार्यविधि

- बीउआलु उत्पादन समुह गठन भई गुणस्तरीय बीउआलु उत्पादन कार्य थालनी भएका स्थानहरुमा यो कार्यक्रम संचालन गर्नुपर्ने छ । अनुदान प्राप्त गर्न कृषकले आफनो तर्फबाट गर्नुपर्ने कार्य सम्पन्न गर्नुपर्नेछ । निर्माण कार्य तथा सो को सन्चालन सम्वन्धि प्रकृया कृषकहरु संग सम्झौता गरी तय गरिनेछ ।
- रष्टिक स्टोर निर्माणका लागि जग्गाको उपयुक्त छनौट गर्नु पर्नेछ तथा जग्गाको व्यवस्थापन कृषक समुहले गर्नुपर्नेछ । निजी वा व्यक्तिगत जग्गामा रष्टिक स्टोर निर्माण गर्दा उक्त स्टोरमा समुहका कृषकहरुले न्युनतम दश वर्षका लागि श्रोत बीउ आलु भण्डारण गर्न पाउने कुराको यकिन हुनुपर्नेछ ।
- शुष्क हावा चल्ने शुष्क स्थानहरु जस्तैः कर्णाली क्षेत्र तथा त्यस्तै अन्य क्षेत्रहरुमा भण्डार घरको भुईंमा कुलेसाहरु बनाई त्यस्मा पानी भर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- सिमेन्ट जोडाईले तापक्रम बढ्न मद्धत पुरयाउने भएकोले ईंटा वा ढुंगालाई माटोको जोडाईमा गाह्रो लगाउनु पर्दछ ।

- हावाको संचार (भेण्टिलेशन) को लागि भुई सतहमा २/३ स्थानमा १X१ फिटको भेण्टिलेशन झ्यालहरु राखि मुसा वा अन्य कीरा पस्न नसक्ने गरी मसिनो तारको जालीले बन्द गर्नु पर्दछ। यसैगरि स्टोरको भित्ताको माथिल्लो भागमा पनि १ X१ फिटको भेण्टिलेशन झ्यालहरु राखी तारको जालीले बन्द गर्नु पर्दछ।

- स्टोरको लम्वाई बढी र चौडाई कम हुनु पर्दछ। स्टोरको गाह्रो संगै संगै आलु राख्ने तख्ता (र्‍याक) वनाउने र विचमा बाटो राख्नु पर्दछ। तख्ता काठ, वांस वा निगालोको वनाउन सकिन्छ।

- हरेक तख्ता ९ ईन्च देखि देखि १ फिटको फरकमा राख्नु पर्दछ। हरेक तख्तामा आलुको ३/४ दाना भन्दा उचाइ नबढाई आलु राख्नु पर्दछ। तख्ताको चौडाई २ फिट, गहिराई ६ ईन्च र लम्वाई आवस्यकता अनुसार बनाउनु पर्दछ। आलु राख्दा हरेक दानामा मधुरो प्रकाश पुग्नु आवस्यक हुन्छ। ६.५ फिट लामो तख्तामा १०० किलो आलु राख्न सकिन्छ।

- स्टोर घरको छाना कच्चि (Thatched) हुनु पर्दछ। यदि जस्ताको प्रयोग गरिएमा माथीवाट भुस, खर, छ्वाली राख्नु पर्दछ र जस्ता प्रयोग गर्दा छानाबाट हावाको संचार नहुने भएको हुनाले भेन्टिलेशन झ्यालको संख्या बढाउनु पर्दछ।

- संभव भएसम्म स्टोर रुखमुनी, उत्तर मोहडा, सेपिलो स्थानमा वनाउनु पर्दछ। तर हावाको संचार र घाम पर्ने गरि वनाउन भुल्नु हुदैन।

- रष्टिक स्टोर निर्माण गर्दा ५ देखि १० मे.टन क्षमता भएको हुनु पर्दछ र सो को लागि लगत स्टिमेट र डिजाईन संलग्न छ।

**भण्डारण व्यवस्थापन**

- यो रष्टिक स्टोर गुणस्तरीय बीउआलु उत्पादक समुहमा निर्माण गरिने भएकोले समुहले उत्पादन गरेको मुलबीउ १,२ र ३ पुस्ता मात्र रष्टिक स्टोरमा राख्ने, तत्पश्चातको पुस्ताको बीउआलु (मुलबीउ ४, ५ पुस्ता) कृषकहरुले आफ्नै घरमा उचित व्यवस्थापन गरि भण्डारण गर्ने छन्।

- रष्टिक स्टोरमा तापक्रम मापनका लागि Maximum / Minimum Thermometer तथा सापेक्षिक आद्रताको लागी Hygrometer राख्ने र समय समयमा रेकर्ड लिने गर्नुपर्दछ।

**लक्षित समुह**

बीउआलु उत्पादक समुहहरु

**आशातीत् प्रतिफल**

वीउआलु उत्पादक समुहमा उत्पादित गुणस्तरीय बीउ राम्ररी भण्डारण हुनेछ, जसले गर्दा स्थानीय स्तरमा नै बीउआलु आपुर्ती हुन गई आलुको उत्पादकत्व बृद्धि हुनेछ।

**जिम्मेवार निकाय तथा व्यक्ति**

सम्वन्धित जिल्ला कृषि विकास कार्यालयका प्रमुख, वागवानी विकास अधिकृत र अन्तरगतका सेवाकेन्द्र प्रमुख, प्रा.स./ना.प्रा.स.हरु।

**ख) आर्थिक पक्ष**

**५ (पाच) मे.टन क्षमता लागि,**

कार्य सम्पन्न प्रतिवेदनको आधारमा स्थानिय दररेट अनुसार कुल लागतको ५०% वा रु. १,५०,०००/ ( एकलाख पचास हजार) सम्म अनुदान दिने।

**१० (दश) मे.टन क्षमताका लागि,**

कार्य सम्पन्न प्रतिवेदनको आधारमा स्थानिय दररेट अनुसार कुल लागतको ५०% वा रु. २,७५,०००/ (दुई लाख पचहत्तर हजार) सम्म अनुदान दिने ।

**रष्टिक स्टोर निर्माण नर्मसमा परिमार्जन गर्नुपर्ने कारणहरु**

- रष्टिक स्टोरको न्युनतम ध्यान दिनुपर्ने कुरा तथा प्राविधिक पक्षहरु कार्यविधिमा संलग्न गर्न जरुरी भएको ।
- १२ वर्ष पहिले स्विकृत भएको नर्मसबाट हालको अवस्थामा निर्माण कार्य गर्नुपर्दा मूल्य वृद्धिका कारण निर्माण खर्च अत्याधिक वृद्धि भएको (अनुमानित ४००देखी ५०० प्रतिशतसम्म वृद्धि भएको) ।
- विगतमा रष्टिक स्टोरको साइज न्युनतम १ मे.टन तोकिएकोमा बीउ आलु उत्पादन तथा प्रयोगलाई प्रभावकारी बनाउन तथा निर्माण गरीसकेपश्चात रष्टिक स्टोरको उपयोगिता वृद्धि गर्न ५ देखी १० मे.टन र सो भन्दा बढी क्षमताको रष्टिक स्टोर निर्माण र सन्चालन गर्न अत्यावश्यक भएको ।
- कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत निर्माण एवं साना सिचाई लगायत अन्य निर्माण कार्यक्रममा ५०देखि ८५ प्रतिशतसम्म अनुदानको व्यवस्था रहेको ।
- बीउ आलुबाट प्रत्यक्ष प्रतिफल प्राप्त गर्न ३ देखी ४ वर्ष पर्खनुपर्ने हुंदा अनुदान वृद्धि गराउन आवश्यक ।
- स्थानिय निकाय तथा अन्य संस्थाहरुले साझेदारीमा कार्य गर्दा नेपाल सरकारको स्विकृत मापदण्ड अनुरुप नै कृषक समुहासंस्थालाई अनुदान तथा अन्य सेवा उपलब्ध गराउन आधार प्रदान गर्ने ।
- यस सम्वन्धि कार्यक्रम तर्जुमा गर्दा सबै तहमा सैद्धान्तिक सहमति भै सम्वन्धित जिल्लाहरुमा कार्यक्रम तथा अख्तियारी समेत उपलब्ध गराईसकिएको । गत वर्ष कृषि इन्जिनियरिंग निर्देशनालयबाट पेश भएकै क्वान्टिटी इस्टिमेटकै आधारमा जिल्लाको दररेट अनुसार इस्टिमेट गर्दा लागत बढन गएको हो । यस अनुसार पेश भएको लागत इस्टिमेटको आधारमा नर्मस स्विकृत हुदां चालु आ.व.मा सन्चालन हुने स्विकृत कार्यक्रमका लागि नेपाल सरकारको थप व्ययभार पर्ने छैन ।
- कृषि विभाग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतबाट गुणस्तरिय बीउ आलु उत्पादनको उपलब्धतामा सुधार गरी आलु वालीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिबाट खाद्यसुरक्षा सुनिश्चित गर्न प्राथमिकतामा रहेको कार्यक्रम ।

नोट : उपरोक्त अनुसारको डिजाइन (नक्सा) तथा गत वर्षकै क्वान्टिटी इस्टिमेटकै आधारमा चालु आ.व.को जिल्ला दररेट अनुसार रोल्पा र पर्वत जिल्लामा निर्माण गर्नुपर्दा लाग्ने लागत इस्टिमेट संलग्न छ ।

थप कार्यक्रमको नर्म्स तथा कार्यविधि

कार्यत्रम संचालन नर्मस तथा थप कार्यविधि

यो कार्यक्रम संचालनका लागि मौजुदा स्विकृत नर्मस आर्थिक कार्यविधि ऐन र नियमावलिको परिधि भित्र रही सम्पन्न गरिनेछ र रष्टिक स्टोर पुन निर्माणका लागि तपसिल बमोजिम नर्मस तथा कार्य विधि प्रश्ताव गरिएको छ :

१.२ जिर्ण रष्टिक स्टोरलाई आवश्याक मर्मत सम्भार गरि पुनः संचालनमा ल्याउन तपसिलको कार्यविधिअनुसार कार्य गरिने छ ।

१.२.१ यो कार्यक्रम व्यवसायिक रुपमा बीउआलु उत्पादन गर्ने कृषक समुह/सहकारी संस्थाहरु मार्फत संचालन गरिने छ ।

१.२.२. रष्टिक भण्डार मर्मत कार्यको माग गर्दा बीउआलु उत्पादन गर्ने कृषक समुह/सहकारी संस्थाहरुले मर्मत सम्भार वा पुनः निर्माणको लगत स्टिमेट तयार गरि जिल्ला कृषि विकास कार्यालयमा निबेदन साथ पेश गर्नु पर्नेछ ।

१.२.३. जिल्ला कृषि विकास कार्यालयले पेश भएका निबेदनको आधारमा सम्वन्धित अधिकृतबाट अनुगमन गराई मर्मत गर्नु पर्ने रष्टिक भण्डारको हालको अवस्था र मर्मत पश्चात्को हुने अवस्था क्षमता आदिको विवरण तथा समुह/सहकारी संस्थाको बीउआलु उत्पादन स्थितीको विवरण उल्लेख गरि सिफारिस गर्नु पर्नेछ ।

१.२.४. मर्मत कार्यको लागी सिफारिस भई स्विकृत गरिका रष्टिक भण्डार मर्मत वा पुन निर्माण गर्नको लागि लगत स्टिमेट रकमको ५० प्रतिशत वा अधिकतम रकम रु. ६०,०००/- (साठी हजार) सम्म जिल्ला कृषि विकास कार्यालयले अनुदान प्रदान गर्न सक्ने छन् ।

१.२.५. अनुदान रकम समुह/सहकारीहरुलाई भुक्तानी दिंदा २ किस्तामा दिनुपर्ने छ जसमध्ये मर्मत वा पुन निर्माण कार्य सुरु भएपछि जम्मा अनुदान दिने रकमको ५० प्रतिशत उपलब्ध गराउने र बाकी ५० प्रतिशत रकम कार्य सम्पन्नता प्रतिवेदनको आधारमा उपलब्ध हुने छ ।

१.२.६. उपरोक्त कार्यहरु समुह/सहकारी संग सम्झौता गरे पछि मात्र लागु हुनेछ ।

१.२.७. जिल्ला कृषि विकास कार्यालयले यो कार्यक्रम स्वीकृत बजेटको परिधि भित्र रही प्राथमिकताको आधारमा कोटा निर्धारण गरि गर्नु पर्नेछ ।